आज मिति २०७४।११।२२गतेका दिन बिहान २:३०वजेको समयमा धनगढी उप महानगरपालिकाका नगर प्रमुख श्री नृप बहादुर वडज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक देहायको उपस्थितिमा वसि देहाय अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

नगर प्रमुख श्री नृप बहादुर वड
नगर उप प्रमुख श्री सुशीला मिश्र भट्ट
वडा नं.१ अध्यक्ष श्री सन्तोष मुडभरी
वडा नं.२ अध्यक्ष श्री नर बहादुर बम
वडा नं.३ अध्यक्ष श्री बल बहादुर ऐर
वडा नं.४अध्यक्ष श्री दिपक कुमार थापा क्षेत्री
भीमराज जोशी वडा सदस्य
वडा नं.५ अध्यक्ष श्री हिरा सिंह पातली
वडा नं.६ अध्यक्ष श्री भागीराम चौधरी
वडा नं.७ अध्यक्ष श्री सिताराम राना
वडा नं.८ अध्यक्ष श्री नारायण प्रसाद बराल
वडा नं.९ अध्यक्ष श्री प्रेम बहादुर भण्डारी
वडा नं.१० अध्यक्षश्री राजेन्द्र राना
वडा नं.११ अध्यक्ष श्री गंगाराम राना
वडा नं.१२ अध्यक्ष श्री गणेश प्रसाद जोशी
वडा नं.१३ अध्यक्ष श्री बिजय राज जोशी
वडा नं.१४ अध्यक्ष श्री राम बजारी थारु
वडा नं.१५ अध्यक्ष श्री फूलराम चौधरी
वडा नं.१६ अध्यक्ष श्री लक्ष्मीनारायण चौधरी
वडा नं.१७ अध्यक्ष श्री माधव राज राना
वडा नं.१८ अध्यक्ष श्री मुरारी अधिकारी
वडा नं.१९ अध्यक्ष श्री तिलुराम चौधरी थारु
सदस्य श्री सिता राना
सदस्य श्री बसन्त कुमार ठाकुर
सदस्य श्री कल्याणी सिंह
सदस्य श्री गिता पन्त
सदस्य श्री यशोधा भण्डारी
सदस्य श्री प्रेम बहादुर वि.क
सदस्य श्री रिस्नी देवी चौधरी
सदस्य श्री प्रेम सिं विश्वकर्मा
सदस्य सचिव श्री कृष्ण प्रसाद गौतम

आमन्त्रित:

डिल्लीराज ओभा
दिजराज भट्ट
लेखनाथ ओभा
सुरेन्द्र सिंह कार्की
वीर ब. नेपाली

Scanned by CamScanner

निर्णय नं.१

आधारभूत तह कक्षा ८ को परीषा शुल्क, विद्यालय अनुमति शुल्क, नविकरण शुल्कवाट उठेको रकम न.पा. सर्वसन्चित कोषमा जम्मा गर्ने र उक्त परीषा संचालन गर्न उठेको रकमको परिधिभित्र र परीषा समितिको निर्णयको परिधिभित्र रहि परीक्षा संचालन तथा व्यवस्थापन खर्च नगर शिक्षा व्यवस्थापन शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.२

धनगढी उप महानगरपालिका क्षेत्रभित्र रहेका खोला नाला अतिक्रमण दिनानुदिन वढिरहेको कारणले धनगढी उप महानगरपालिकाको शहरी क्षेत्र वर्षादको समयमा पानी निकासामा अवरोध भै डुवान हुने देखिएकोले अनाधिकृत अतिक्रमण हटाउने कार्यका लागि अतित्रमणको अवस्था अध्ययन गरि क्रमबद्ध रूपमा प्रतिवेदन पेश गर्न र अतिक्रमणकार्यलाई निरूत्साहित गर्ने कार्यका लागि तपशिल वमोजिमको खोलानाला अतिक्रमण व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

संयोजक : श्री सन्तोष मुडभरी वडा नं.१ वडा अध्यक्ष

सदस्यहरू : सम्बन्धित वडाका वडा अध्यक्ष वा सदस्य

सदस्य सचिव : प्रमुख योजना तथा प्राविधिक शाखा प्रमुख

निर्णय नं.३

धनगढी उप महानगरपालिका क्षेत्र भित्रका सबै वडाहरूमा रहेका ऐलानी तथा प्रति जग्गा सम्वन्धमा अध्ययन गरि त्यस्को उचित व्यवस्थापनका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

संयोजक : श्री नारायण प्रसाद वराल

सदस्य : सवै वडाका वडा अध्यक्ष वा सदस्य

सदस्य: नापी कार्यालयको प्रतिनिध १ जना

सदस्य : न.पा.कार्यालयका अमिन १ जना

सदस्य :

सदस्य सचिव:श्री ....................

निर्णय नं.४

जिल्ला प्राविधिक कार्यालय धनगढी कैलालीको मिति २०७४।११।११ च.नं.२६५ को पत्र यस बैठकमा पेश भई छलफल हुंदा उपरोक्त राष्ट्रिय ग्रामिण यातायात सुदृढिकरण कार्यक्रम (SNRTP)अन्तरगत घुराहा खोला पुल (राजिपुर-गदरिया-फूलबारी सडक खण्ड) को बांकी कार्य यथासिघ्र अगाडी बढाउन अनुरोध गर्ने र उक्त कार्यक्रमको PHASE OUT भएको अवस्थामा यस उप महानगरपालिकालाई पर्ने आर्थिक दायित्व वहन गर्न सहमत भएको प्रतिबद्धता जनाउने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं.५

स्थानीय सरकार संचालन ऐन २०७४को परिच्छेद ८ को दफा ४६ बमोजिम तथा नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम यस उप महानगरपालिकामा पनि न्यायिक समितिको गठन निर्वाचनको माध्यमबाट गर्नका लागि तपसिल बमोजिमको निर्वाचन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल:

संयोजक: श्री भरत बहादुर सिंह कानूनी सल्लाहकार

सदस्य : श्री सुरेन्द्र सिंह कार्की प्रशासकीय अधिकृत

सदस्य : श्री दिपक पाण्डेय शाखा अधिकृत

निर्णय नं. ६

सघन सहरी विकास कार्यक्रमलाई थप व्यवस्थित गर्नलाई सो कार्यक्रमका लागि व्यवस्था गरिएको अनुगमन समितिलाई सकिय गराउन शहरी विकास तथा भवन निर्माण विभाग डिभिजन कार्यालय धनगढी,कैलालीलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.७

धनगढी उप महानगरपालिकाले आर्थिक बर्ष २०७४/२०७५ सडक बोर्ड नेपालले सहकार्यमा संचालन हुने सडक आवधिक मर्मत कार्यको बोलपत्र प्रकाशित भै निर्माण व्यवसायीले १५.९३ प्रतिशत घटीमा ठेक्का साकार गरेको हुंदा प्रतिस्पर्धाबाट बचेको रकमबाट तपसिल बमोजिमका सडकहरू आवाधिक मर्मत संम्भार गर्न संसोधित बार्षिक कार्यक्रम सडक बोर्ड नेपालमा सहमतिका लागि पठाउने निर्णय गरियो ।

तपसिल:

धनगढी उप महानगरपालिका वडा नं.९ बगरा सडक कालोपत्रे सडक आवधिक मर्मत गर्ने काम

निर्णय नं.८

यस धनगढी उप महानगरपालिकालाई Smart City बनाउने अवधारणा अन्तर्गत नगरपालिकामा smart city hub स्थापना गर्न न्यु आई.टि. भेन्चर र धनगढी उप महानगरपालिका बीच मिति २०१७।११।१३ मा समझदारी पत्रमा हस्ताक्षर भएको व्यहोरा अवगत गाराउदछु यसै सन्दर्भमा Taipei Computer Association (TCA) मिति २०१८।०१।१२ को प्राप्त पत्रानुसार 2018 march 27 देखि घण सम्म ताइवानमा आयोजना हुने 2018 Smart City Summit & Expo नामक गोष्ठीमा धनगढी उप महानगरपालिका बाट नगर प्रमुख सहित पाँच जना प्रतिनिधिहरुलाई आमन्त्रण भइआएको हुँदा उक्त गोष्ठीमा तपसिल बमोजिमीको सहभागीता गराउन र उक्त कार्यक्रमका लागि आते जाते air ticket खर्च नगर प्रमुख बाहेक चार जनाको कार्यालयले र बाँकी खर्च आयोजकले व्यहोर्ने गरी लेखि आएकोले सो गोष्ठीमा सहभागी हुन सहमतिका लागि श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा, सिंहदरवार, काठमाडौं लाई अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री नृप वहादुर वड - नगर प्रमुख

२. श्री सन्तोष मुडभरी - वडा अधक्ष्य

३. ई. दिज राज भट्ट - डिभिजनल इन्जिनियर

Scanned by CamScanner

४. इं. सुयश चन्द - सूचना प्रविधि अधिकृत

निर्णय नं.९

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार धनगढी उप महानगरपालिकाको वजार अनुगमन निर्देशिका २०७४ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१०

धनगढी उप महानगरपालिका वडा नं.१२ सि गांउ राम वहादुर सिंहको घर देखि राम वहादुर कुंवरको घर सम्म सडक कालोपत्रेको संचालन गर्ने क्रममा वेली सडक सम्म सडक संन्जाल जोडन ७५ मी बांकी रहेकोले उक्त कार्य गर्न उपयुक्त हुने हुंदा त्यस्का लागि आवश्यक पर्ने लागत रू ४८८१०३।९०को न.पा.ले ८० प्रतिशत रकम रू ३९०,०००।(तिन लाख नब्बे हजार) व्यहोर्ने गरी योजना स्वीकृत गर्ने र उक्त रकम सोही वडाको ए गाउं देखी जनकल्याण उच्च मा.वि. जाने सडकमा बांकी रहेको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.११

धनगढी उप महानगरपालिका क्षेत्रभित्र रहेका खोला नाला अतिक्रमण दिनानुदिन वढिरहेको कारणले धनगढी उप महानगरपालिकाको शहरी क्षेत्र बर्षादको समयमा पानी निकासामा अवरोध भै डुवान हुने देखिएकोले अनाधिकृत अतिक्रमण हटाउने कार्यका लागि गठित खोलानाला अतिक्रमण व्यवस्थापन समितिलाई आवश्यक सहयोग गर्न तपसिल वमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपसिल:

नगर नियोजक श्री कमल राज ओझा

अमीन श्री कृष्ण वहादुर शाही

अमीन श्री राजेन्द्र वहादुर शाही

निर्णय नं.१२

धनगढी उप महानगरपालिकाका वडा नं.१६ का वडा सदस्य श्री कमलराज चौधरीको मुटुको भल्वमा समस्या देखिएको हुंदा उपचार गराउंदा गराउदै आर्थिक समस्या पर्न गएकोले निजको उपचारका लागि रू ५१,०००। समाजिक स्वास्थ्य शिर्षकबाट भुक्तानी हुने गरि उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१३

१०८ औ अन्तर्राष्ट्रिय महिला दिवसको उपलक्ष्यमा मिति २०७४।११।२४ गतेका दिन भव्यताका साथ महिला दिवस मनाउनका लागि वडा नं. १५,१६,१७ र वडा नं. १४,१८,१९ तथा ९,१०,१२ का साथै यस कार्यालयमा नारी दिवस मनाउनका लागि कलष्टर अनुसार रू २०,०००।का दरले विल भरपाई अनुसार उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१४

धनगढी उप महानगरपालिका वडा नं.१ प्लाईउडवाटोमा ५ थान विद्युत पोल र ७ नं.वडा विष्णु शाहुको घरवाट पूर्व जाने बाटोमा ८थान पोल सानुपर्ने भएकोले झैपरी शिर्षकबाट खर्च गर्ने गरि उक्त कार्य गराउने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं.१५

महालक्ष्मी विकास बैकबाट दक्षिण जाने बाटोमा संघीय प्रहरी ईकाई कार्यालयको पुरानो काडेतार हटाई बाटो विस्तार गर्नुपर्ने भएकोले बाटो विस्तार गरी नयां काडेतार लगाईदिने र उक्त रकम भैपरी विकास शिर्षक खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं.१६

ध.उ.म.न.पा.४ अन्तर्गत दक्षिणकाली मार्गको पीचदेखि रूपक होजियरी पश्चिम जाने सडकमा पक्की नालीको प्लाष्टर गर्ने कार्य र सोही बाटो विस्तार गर्दा आवश्यक थप ग्रेभल गर्ने कार्य सोही सडकको कालोपत्रे सडक योजनाको शिर्षकबाट खर्च गर्ने गरी गराउने निर्णय गरियो ।

निर्णय नं.१७

ध.उ.म.न.पा.अन्तर्गत वा.नं.३ केदार टोल दल बहादुर बोहराको घरदेखि शिव मन्दिर सम्म कालोपत्रे कार्यमा थप १०० मिटर जति कालोपत्रे गर्दा सकेको काम पुरा हुने भएकोले उपरोक्त कार्यमा ल.ई. अनुसार रू.३,१७,७७४।०० भैपरी शिर्षकबाट खर्च गरी सोही उपभोक्ता समितिबाट गराउने निर्णय गरियो ।

निर्णय नं.१८

ध.उ.म.न.पा.२ टेक बहादुर रैकाको घरदेखि पुरानो भन्सार जोड्ने सडकमा आर.सि.सि. सडक निर्माण गर्नुपर्ने भएकोले उक्त कार्य समानीकरण अनुदानबाट गराउने ।

निर्णय नं.१९

ध.उ.म.न.पा.१ सीता के.सी को घरबाट मान बहादुर बिष्टको घर जाने सडकमा थप ११० मीटर सडक थप गर्दा सडक लम्बाई पुरा हुने भएकोले ल.ई. अनुसार रू.४,३९,५२७।०० रकम वित्तिय समानीकरण शिर्षकवाट खर्च गर्ने गरी सोही उपभोक्ता समितिबाट काम गराउने निर्णय गरियो ।

निर्णय नं.२०

वृहत एकिकृत शहरी विकास योजना तर्जुमा गर्ने कार्यका लागि GOEC,GIDA र Next consult pvt(JV) संग भएको सम्झौता अनुसार सम्झौतामा उल्लेखित समयावधि भित्र नसकिने देखिएकोले चैत्र मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.२१

धनगढी उप महानगरपालिका वडा नं.३ मा नेतुवा ताल परिसरको विस्तृत अध्ययन गरि पर्यटकिय गन्तब्यका रूपमा स्थापित गर्नका लागि उक्त क्षेत्रको गुरूयोजना निर्माण र Outlet drainage system को डि.पि.आर. तयार गर्ने कार्यका लागि REDIO pvt.ltd. संग भएको सम्झौता बमोजिम सम्झौतामा उल्लेखित समयावधि भित्र नसकिने देखिएकोले चैत मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं.२२

प्रथम सुन्दर सुदूरपश्चिम स्तरिय आमन्त्रित गौरीगंगा कप २०७४ आयोजनाको लागि गौरीगंगा ११ स्पोटर्स क्लवलाई रू २१०००। उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

निर्णय नं.२३

सुदुर पश्चिमाञ्चल साहित्य समाजलाई रू २५१,०००। रकम उपलब्ध गराउने निर्णय गरियो ।(पर्यटन प्रवर्द्धन शिर्षक बाट खर्च गर्ने)

निर्णय नं.२४

धनगढी उप महानगरपालिका कार्यालयका कार्यालय सहयोगी टेक वहादुर कामीले यस कार्यालयमा दैनीक कार्यालयमा कार्यालय सहयोगीको कार्य गर्नुको अतिरिक्त रातीको समयमा पनि पालोपहरा समेत गर्ने भएकोले थप अतिरिक्त कार्य गरेबापत र रातीको पालोपहरा गरेवापत मासिक खाईपाई आएको मासिक तलवमा रू २१००। थप गर्ने निर्णय गरियो।

आजको बैठकको निर्णयहरु प्रमाणित गर्दछु ।

२०७४।११।२२

Scanned by CamScanner